नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

..........................................................

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
चलानी नं.:-

## प्रेस विज्ञप्ती

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री माननीय शरतसिंह भण्डारीज्यू र नेपालका लागि स्वीस महामहिम राजदूत Elisabeth von Capeller बीच आज श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा भेटवार्ता सम्पन्न भयो। माननीय मन्त्रीज्यूले स्वीजरल्याण्ड सरकारले नेपालको पर्यटन क्षेत्र, तालिम, व्यापार-लगानी एवं मानवीय विकास कार्यमा गरेको सहयोगको प्रशंसा गर्दै आगामी दिनमा समेत सोको निरन्तरताका लागि अनुरोध गर्नुभयो। नेपालको आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्न आफु प्रतिवद्ध रहेको जनाउँदै माननीय मन्त्रीज्यूले वैदेशिक रोजगारीको क्षेत्रलाई समेत थप व्यवस्थित, स्वच्छ र मर्यादित बनाउन मन्त्रालयले काम गरिरहेको बताउनु भयो। यसैक्रममा, वैदेशिक रोजगारको क्षेत्रलाई मर्यादित बनाउन महामहिम राजदूतले आफ्नो तर्फबाट सहयोग गर्ने जनाउँदै सुरक्षित आप्रवासन कार्यक्रम (Safer Migration Programme) र पुनःएकीकरण कार्यक्रम (Reintegration of Returnee Migrant Workers) लाई थप व्यवस्थित बनाउन आपसी सहकार्य गर्दै जाने बताउनु भयो। माननीय मन्त्रीज्यूले सीपयुक्त जनशक्ति उत्पादन गर्ने र विशिष्टिकृत सीपलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने विषय आफ्नो प्राथमिकतामा रहेको बताउनु भयो।

यसैगरी, माननीय मन्त्रिज्यूले आइएलओ, नेपाल कन्ट्री डाइरेक्टर Numan Ozcan सँग मन्त्रालयमा भएको भेटमा वहाँलाई आइएलओ, नेपालको कन्ट्री डाइरेक्टरमा नियुक्त भएकोमा बधाई सहित सफल कार्यकालको शुभकामना व्यक्त गर्दै आन्तरिक एवं वैदेशिक रोजगारीलाई व्यवस्थित गरी श्रमिकमैत्री बनाउने सन्दर्भमा आएलओले गरेको प्रयत्नको लागि धन्यवाद दिनुभयो। श्रमको सम्मान, व्यवसायिक सुरक्षा एवं स्वास्थ्य, कार्य स्थल दुर्घटनामा न्यूनिकरण, श्रमिकहरुको क्षमता विकास, सामाजिक सुरक्षा योजनाको कार्यान्वयन, बाध्यात्मक श्रमको न्यूनिकरण लगायतका क्षेत्रमा आएलओले गर्दै आएका कृयाकलापहरुको प्रशंसा गर्दै मन्त्रालयका प्राथमिकताका क्षेत्रमा सदैव सहकार्य गर्ने बताउँदै माननीय मन्त्रिज्यूले श्रम तथा रोजगारसँग सम्वन्धित आइएलओ महासन्धीहरुको अनुमोदनका लागि मन्त्रालयले तयारी गरिरहेको जानकारी गराउनुभयो।

उक्त भेटमा मन्त्रालयका सहसचिव श्री राजिव पोखरेल र उपसचिव श्री कविराज उप्रेती लगायतका अधिकारीहरु सहभागी हुनुभएको थियो।

मितिः-२०७९ चैत्र ३० गते

कविराज उप्रेती
उपसचिव/सहायक प्रवक्ता

टेलिफोन नं.:- ०१-४२११९६३, ०१-४२००५९५, फ्याक्स नं.:- ०१-४२११८७७, टोल फ्रि नं.:- १६६००१५०००५, श्रम कल सेन्टर फोनः- ११४१
ईमेल:- admin@moless.gov.np/info@moless.gov.np, वेव साईटः- www.moless.gov.np